# भूमे साप्ताहिक

वर्ष ५  अङ्क ४०  २०८० फागुन २० आइतबार




## सम्पादकीय

# पशु चौपाया जोगाउन पूर्वतयारी

पशु चौपायाहरुलाई खोरेत रोग लाग्नबाट बचाउन रुकुम पूर्वमा यस वर्ष अभियानकै रुपमा खोरेत रोग विरुद्ध खोप अभियान सञ्चालन गर्नु निकै सहानीय काम हो। जिल्लास्थित एकीकृत कृषि तथा पशुपन्छी विकास कार्यालयको पहलमा यही फागुन र चैत महिनामा १० हजार डोज खोप लगाउन लागिएको छ। यस खोपले पशुहरुमा लाग्ने खोरेत रोग नियन्त्रणमा महत्वपूर्ण भूमिका खेल्न सक्छ। उसो त कार्यालयले जिल्लाका सीमा क्षेत्रका गाउँहरुलाई बढी प्राथमिकतामा राखेर खोप अभियान सञ्चालन गर्न लागेको जनाएको छ। यसले बाहिरी जिल्लाबाट रोग सर्नबाट रोक्न सक्छ।

गत वर्ष रुकुम पूर्वमा महामारीकै रुपमा फैलिएको लम्पिस्कीन रोगले सयौं पशुहरुको अकालमै ज्यान गएको थियो। जसबाट पशुपालक कृषकहरुलाई लाखौं क्षति भएको थियो। कृषकहरुलाई त्यस्तो महामारीबाट हुने आर्थिक नोक्सानीबाट बचाउन समयमै स्थानीय, प्रदेश र संघ सरकार सचेत हुनु जरुरी हुन्छ। समयमै रोगको पहिचान गर्न र त्यसको नियन्त्रणका लागि आवश्यक पहल गर्न सकियो भने ठूलो नोक्सानी हुनबाट बचाउन सकिन्छ। अहिले जिल्ला तहबाटै खोरेत रोगविरुद्ध खोप अभियान सञ्चालन गरेर भोलिका दिनमा हुनसक्ने सम्भावित खतरा टार्न पहलकदमी लिनु प्रशंसनीय छ। यस्ता कार्यलाई स्थानीय सरकारले आफ्नै पहलमा गर्न पनि सकिन्छ।


प्रकाशक

भूमे गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
खाबाङबगर, रुकुम (पूर्व)
लुम्बिनी प्रदेश नेपाल

# भूमेमा मनाइयो मगर दिवस




❖ **बालाराम शेर्पाली**

रुकुम पूर्व । भूमे गाउँपालिका-२ खाबाङबगरमा एक कार्यक्रमको आयोजना गरी ४२ औं मगर दिवस मनाइएको छ। नेपाल मगर संघ रुकुम पूर्वको आयोजनामा मगर दिवस मनाइएको हो।

कार्यक्रममा प्रमुख अतिथि जिल्ला समन्वय समिति रुकुम पूर्वका प्रमुख मेघबहादुर श्रेष्ठले नेपाली जनताको ऐतिहासिक जनसंघर्षले सबै जाति, समुदाय, लिङ्गको अधिकार स्थापित भएको बताउनु भयो। समाजमा पछि पारिएका उत्पीडित वर्ग, जाति, लिङ्ग र समुदायको पूर्ण अधिकार प्राप्त नभएको चर्चा गर्दै प्रमुख अतिथि श्रेष्ठले पूर्ण अधिकार प्राप्तिका लागि एकताबद्ध हुन जरुरी रहेको बताउनु भयो।

मगर समुदायको बाहुल्यता रहेको रुकुम पूर्वमा मगर संस्कार, परम्परा पुस्तान्तरण हुन आवश्यक रहेको भूमे गाउँपालिका अध्यक्ष होमप्रकाश श्रेष्ठले बताउनु भयो। रुकुम पूर्व भौगोलिक रुपमा दुर्गम भएकाले भौतिक विकासमा बढी



जोड दिदा सांस्कृतिक विकास हुन नसकेको उल्लेख गर्दै अध्यक्ष श्रेष्ठले सांस्कृतिक विकासका लागि स्थानीय सरकारले सक्दो सहयोग गर्ने बताउनु भयो।

कार्यक्रममा बोल्दै पुथाउत्तरगंगा गाउँपालिकाका अध्यक्ष पुनिराज घर्तीले आदिवासी जनजाति, दलित, पिछडिएको वर्गको हक हितको लागि जनचेतनामूलक कार्यक्रम गर्न स्थानीय तहले सहयोग र सहजीकरण गरिरहेको बताउनु भयो। अठार मगरात समुदायको उद्गम थलो रुकुम रोल्पा रहेको भन्दै अध्यक्ष घर्तीले मगर समुदायको बाहुल्यता रहेको क्षेत्रलाई छुट्टै जिल्ला बनाउने एजेन्डा लिएर सिंहदरबारसम्म धाएको स्मरण गर्नु थियो।

आदिवासी जनजाति महासंघ रुकुम पूर्वका उपाध्यक्ष बसन्त श्रेष्ठले आदिवासी जनजाति समुदायका व्यक्तिहरुले विभिन्न क्षेत्रको कुशल नेतृत्व गरेको चर्चा गर्दै हामी कमजोर छौं भन्ने मानसिकता हटाउनु पर्ने बताउनु भयो।

भूमे गाउँपालिकाका निवर्तमान अध्यक्ष रामसुर बुढा मगरले नेपालमा विभिन्न चरनमा मानिसहरुबीच विभेदकारी व्यवस्था उत्पन्न भएको र त्यसलाई निर्मुल गर्न नेपाल मगर संघले अहम् भूमिका खेलेको बताउनु भयो। विभेदलाई निर्मुल गर्न विभिन्न सामाजिक संस्थाहरु स्थापना हुने क्रममा नेपाल मगर संघ मगरहरुको हकहितको लागि स्थापना भएको बुढाले बताउनु भयो।

कार्यक्रममा नेपाल मगर संघ केन्द्रीय महासचिव तथा भूमे गाउँपालिका उपाध्यक्ष सबिना बुढा मगर, नेपाल मगर संघ केन्द्रीय सदस्य प्रवेश पुन, नेकपा एकीकृत समाजवादी रुकुम पूर्व जिल्ला अध्यक्ष भिउमान पुन लगायतको आतिथ्यता रहेको थियो।

नेपाल मगर संघ रुकुम पूर्वका अध्यक्ष रामकुमार बुढामगरको अध्यक्षतामा भएको कार्यक्रमको सञ्चालन सचिव दिनेश घर्तीमगरले गर्नुभएको थियो भने सह-सचिव गोविन्द पुनले स्वागत गर्नुभएको थियो।

# किसान सूचीकरणका लागि क्षमता अभिवृद्धि तालिम




❖ **बालाराम शेर्पाली**

रुकुम पूर्व । किसान सूचीकरण तथा अद्यावधिक सम्बन्धी २ दिने क्षमता अभिवृद्धि तालिम सम्पन्न भएको छ। रुकुम पूर्वका तिनवटै गाउँपालिकामा रहेका कृषि शाखाका प्राविधिकलाई किसान सूचीकरण तथा तथ्याङ्क अद्यावधिक सम्बन्धी तालिम दिइएको हो।

कृषि तथा पशुपंक्षी विकास मन्त्रालयको प्राविधिक सहयोग एवं एकीकृत कृषि तथा पशुपंक्षी विकास कार्यालय, रुकुम (पूर्वी भाग) को आयोजनामा भूमे गाउँपालिकाको खाबाङबगरमा भएको तालिममा तिन वटै गाउँपालिकाका १७ जना प्राविधिकहरुको सहभागिता रहेको थियो।

तालिममा किसान सूचीकरण किन गर्ने, सुचीकरण प्रणालीको विशेषता, उपयोगिता, किसान सूचीकरणको वर्तमान अवस्था र दीर्घकालीन सोच लगायतका विषयमा तालिम दिइएको कृषि तथा पशुपन्छी विकास मन्त्रालयका वरिष्ठ तथ्यांक अधिकृत चेतबहादुर रोकाले जानकारी दिनुभयो।

कृषि अनुदानका कार्यक्रमहरुलाई व्यवस्थित, वैज्ञानिक, पारदर्शी र प्रभावकारी बनाउन र कृषकको मनोबल उच्च बनाएर कृषि विकासमा उत्प्रेरित गरि राष्ट्रिय तथ्यांक प्रणालीलाई मजवुत बनाउँदै समग्र कृषि सुशासन प्रवर्द्धन गर्न किसान सूचीकरण जरुरी रहेको रोकाले बताउनु भयो।

कार्यक्रममा बोल्दै भूमे गाउँपालिका अध्यक्ष होमप्रकाश श्रेष्ठले पालिकाले बजेटको व्यवस्था गरेर किसान सूचीकरणलाई नियमितता दिने प्रतिबद्धता व्यक्त गर्नुभयो। एकीकृत कृषि तथा पशुपंक्षी विकास कार्यालयका प्रमुख पिताम्बर बस्नेतले किसान सूचीकरण तालिम निकै प्रभावकारी भएको बताउनु भयो।

# प्रभावकारी बन्दै समुदाय–प्रहरी साझेदारी कार्यक्रम

❖ **बालाराम शेर्पाली**

रुकुम पूर्व । नेपाल प्रहरीले सञ्चालन गरेको समुदाय-प्रहरी साझेदारी कार्यक्रम प्रभावकारी बन्दै गएको छ। समाजमा हुने गरेका विभिन्न समस्यालाई न्यूनीकरण गर्नुका साथै समुदायसँग जोडिन सञ्चालन गरिएको समुदाय-प्रहरी साझेदारी कार्यक्रम प्रभावकारी बन्दै गएको जिल्ला प्रहरी कार्यालय रुकुम पूर्वले जनाएको छ। समुदाय-प्रहरी साझेदारी कार्यक्रमअन्तर्गत लागुऔषध रोकथाम तथा नियन्त्रणसम्बन्धी जनचेतनामूलक कार्यक्रम, बालविवाह, बालयौन दुर्व्यवहार, घरेलु तथा लैंगिक हिंसा, अभद्र व्यवहार, आत्महत्या रोकथाम तथा दुरुत्साहन, लागुऔषध उत्पादन, ओसारपसार, बेचविखन तथा दुर्व्यवसनीजस्ता अपराधबाट बच्ने उपाय तथा कानुनी सजाय सम्बन्धी जनचेनतनामूलक प्रशिक्षण कार्यक्रम गरिएको इलाका प्रहरी कार्यालय काँक्रीका प्रहरी सहायक निरीक्षक ओमभक्त चौधरीले जानकारी दिनुभयो।
चौधरीको कमाण्डमा खटिएको प्रहरी टोलीले भूमे गाउँपालिका २ खावाङबगरमा सडक सुरक्षा तथा ट्राफिक नियमसम्बन्धी जनचेतनामूलक कार्यक्रम गरेको थियो। गत फागुन ५ गते इलाका प्रहरी कार्यालय चुनबाङले प्रहरी वरिष्ठ हवल्दार सर्वजित खड्काको कमाण्डको प्रहरी टोलीले भूमे गाउँपालिका ९ गैरीगाँउमा महिला, बालबालिका तथा जेष्ठ नागरिकविरुद्ध हुने सामाजिक अपराध सम्बन्धी जनचेतनामूलक कार्यक्रम गरेको थियो। फागुन ११ र १२ गते प्रहरी चौकी भूमे १ लुकुममा प्रहरी हवल्दार प्रकाश घर्ती मगरको कमाण्डमा खटिएको प्रहरी टोलीले भूमे गाउँपालिका १ लुकुममा स्थानीयबासीको सहभागितामा बालविवाह, दाइजो प्रथा, बोक्सी प्रथा तथा अन्य सामाजिक अपराध सम्बन्धी जनचेतनामूलक कार्यक्रम गरेको थियो।

# रोजगार केन्द्रले दियो वडामा अभिमुखीकरण

रुकुम पूर्व । भूमे गाउँपालिका रोजगार सेवा केन्द्रले प्रधानमन्त्री रोजगार कार्यक्रमअन्तर्गत विभिन्न अनलाइन फाराम तथा श्रम स्वीकृति लगायतका कामबारे वडास्तरीय अभिमुखीकरण सम्पन्न गरेको छ। वडा समिति, नागरिक समाज, लक्षित वर्ग र सरोकारवाला व्यक्तिलाई अभिमुखीकरण शुरु गरेको छ। गत फागुन ९ गतेदेखि शुरु भएको वडास्तरीय अभिमुखीकरण शुक्रबार सम्पन्न भएको हो। जसअनुसार ९ गते वडा नं. २ काँक्री, १० गते वडा नं. १ को लुकुम, ११ गते वडा नं. ४ काँडा, १२ गते वडा नं. ५ सेराबाङ, १३ गते वडा नं. ८ कुचिबाङ, १४ गते वडा नं. ६ महत, १५ गते वडा नं. ७ धर्मशाला, १६ गते वडा नं. ९ चुनबाङ र १८ गते वडा नं. ३ सिमामा सम्पन्न भएको भूमे गाउँपालिका रोजगार सेवा केन्द्रका संयोजक विनोद बिकले बताउनु भयो। गाउँ गाउँमा पुगेर अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्दा स्थानीयबासीलाई धेरै सहज भएको सर्वसाधारणले बताएका छन्।

# खोरेत रोगविरुद्धको खोप अभियान

❖ बालाराम शेर्पाली




रुकुम पूर्व । पशु चौपायाहरुलाई खोरेत रोग लाग्नबाट बचाउने उद्धेश्यले रुकुम पूर्व जिल्लामा खोरेत विरुद्धको खोप अभियान सञ्चालन गरिने भएको छ। एकीकृत कृषि तथा पशुपन्छी विकास कार्यालयको पहलमा जिल्लामा १० हजार खोरेत विरुद्धको खोप लगाउन लागिएको हो।

जिल्लाका तीन वटै गाउँपालिकामा फागुन र चैत महिनाभित्र खोप अभियान सञ्चालन गर्ने एकीकृत कृषि तथा पशुपन्छी विकास कार्यालयका पशु अधिकृत छविलाल घर्तीले बताउनु भयो। पूर्वी रुकुमको सिमाना बागलुङ, रोल्पा, डोल्पा र रुकुम पश्चिमसँग सिमाना जोडिएको हुँदा सिमाना जोडिएका क्षेत्रलाई प्राथमिकतामा राखेर खोप अभियान सञ्चालन गरिने घर्तीले बताउनु भयो।

खोप अभियानका लागि तीनवटै पालिकाका पशु शाखा प्राविधिकलाई खोपसम्बन्धी अभिमुखीकरण पनि दिइएको छ। फिल्डमा खटिने प्राविधिकहरुलाई खोप लगाउँदा ध्यान दिनुपर्ने कुराहरु र प्राथमिकताका क्षेत्रहरुलाई कसरी छनोट गर्ने भन्ने कुराहरुको बारेमा तालिम दिइएको छ। जिल्लामा खोरेत रोगको समस्या धेरै नभए पनि अन्य जिल्लाहरुसँग सिमाना जोडिएको कारणले खोरेत रोगबाट सावधानी अपनाउने र सीमा क्षेत्रलाई प्राथमिकतामा राखेर खोप अभियान सञ्चालन गरिने एकीकृत कृषि तथा पशुपन्छी विकास कार्यालयका प्रमुख पिताम्बर बस्नेतले बताउनु भयो। बस्नेतको अनुसार स्थानीय तहसँग समन्वय गरेर अभियान सञ्चालन गरिने छ।

खोरेत रोग विरुद्धको खोप अभियानले किसानलाई धेरै राहत मिल्ने भएकाले अभियान प्रभावकारी बनाउन जिल्ला समन्वय समिति रुकुम पूर्वका प्रमुख मेघबहादुर श्रेष्ठले आग्रह गर्नुभयो। पहिलेको तुलनामा अहिले पशुचौपाया निकै कम पाल्ने भन्दै श्रेष्ठले पशु चौपाया पालेका किसानहरुले पनि आवश्यक हेरचाह नगर्ने, खोप लगाउने कुराहरुमा ध्यान नदिने हुँदा विभिन्न रोगहरुले ठूलो क्षति हुने गरेको बताउनु भयो।

# खेलकुद प्रतियोगिता गर्नै हम्मे !



**तिलक गौतम**

बैठक सुरु गरेलगत्तै प्रमुखज्यूले एजेण्डाका लागि खेलकुद अध्यक्षलाई अनुरोध गरे। अध्यक्ष बोल्न खोज्दै थिए, भूमेबाट विरोध भयो- 'पहिला गत सालको समीक्षा गरौं।कौशलजी जर्याकजुरुक उठे। 'हाम्रा पदक कहाँ छन्? किन रेस्पोन्स गरिएन?' सिस्नेकाले पनि आफ्ना कुरा राखे। पुथाकाले पनि तर्क-वितर्क गरे। खेलकुदका अध्यक्ष पनि बोल्न थाले। एउटाले एउटा कुरा राखे, अर्काले अर्कै कुरा राखे। बैठक एकाएक गरमागरम भयो।खासमा गत सालको जिल्ला स्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगितामा विवाद भएपछि भूमे गाउँपालिकाले पदक नलिई हिडेको रहेछ। आफूले हालेको निवेदनको सुनुवाइ नभएको भन्ने उक्त पालिकाको गुनासो थियो। यसपटकको प्रतियोगिता सञ्चालनका लागि गत १४ गते प्रजिअ कक्षमा आयोजित जिल्ला स्तरका सरोकारवालाहरूको बैठकमा माथिको दृष्टान्त देखिएको हो।

रुकुम पूर्व लगायत धेरै जिल्लाहरूमा यतिबेला राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिताहरू सञ्चालन भैरहेका छन्। रुकुम पूर्वको सन्दर्भमा पुथा उत्तरगङ्गा गाउँपालिकाले गत माघ ६ गतेदेखि उक्त खेलकुद आयोजना गर्यो। भूमे गाउँपालिकाले माघ १५ गते गर्यो भने सिस्ने गाउँपालिकाले माघ २१ गतेदेखि सुरु गर्यो। जिल्ला स्तरीय खेल भने माघ २६ गते शुरु भएको थियो। चिसो मौसमका कारण पुथा उत्तरगङ्गा गाउँपालिकामा ३ दिनका लागि तय भएको कार्यक्रम ६ दिनसम्म तन्कियो। भूमे गाउँपालिकाको कार्यक्रम १८ गतेको हिमपातले प्रभावित भयो। न्यूनतम पूर्वाधार पनि नभएको अवस्थामा एकातिर खर्चपानीको अभाव र

अर्कोतिर अनावश्यक विवाद र उल्झनले प्रतियोगिता सञ्चालनमा चुनौती थपिएका छन्। जेहोस् चिसो मौसम भए पनि खेलकुदले जिल्ला तातिएको छ। खेलकुदका नाममा हुने विवाद, हानथाप र तिगडमले आगोमा घिउ थप्दो रहेछ। खेलकुदलाई स्वच्छ र व्यवस्थित गर्ने कुरा चुनौतीपूर्ण मात्रै होइन सकसपूर्ण समेत देखिएको छ।

विद्यालयहरू खेलाडी उत्पादन गर्ने महत्वपूर्ण क्षेत्र हुन्। प्रत्येक विद्यार्थी प्रकारान्तरले खेलाडी पनि हुन्। तिनको पहिचान, परख र विकासका लागि यस प्रकारका प्रतियोगिताहरू कोशेढुङ्गा सरह हुन्छन्। नेपालमा २०६५ सालसम्म तत्कालीन राजाको नाममा वीरेन्द्र शिल्ड सञ्चालन हुन्थ्यो। २०६६ सालबाट भने यसलाई राष्ट्रपति रनिङ शिल्ड भन्न थालिएको छ। नाम जे भए पनि विद्यालयस्तरका खेलाडीको खेल प्रतिभाको विकास र प्रस्फुटन गराउने यी प्रतियोगिताहरूको अभिष्ट देखिन्छ। तर तिनको सञ्चालन र व्यवस्थापन भने प्रभावकारी हुनैपर्छ।

खेलकुदको महिमा अपरम्पार छ। व्यक्तिको शारीरिक र मानसिक स्फूर्तिका लागि खेलकुदभन्दा प्रभावकारी सायद अर्थोक हुन सक्दैन। व्यक्तिको नेतृत्व विकास होस् या सामाजिकीकरण, खेलकुदको भूमिका अतुलनीय हुन्छ।विद्यार्थीमा समूह भावना जगाउन, भाइचारा, सहयोग र सेवाभाव बढाउन एवम् मानवीयता र सहअस्तित्व सिकाउन खेलकुदको स्थान अग्रणी देखिन्छ। जीवनलाई सहज र प्रभावकारी बनाउन व्यक्तिलाई विभिन्न वैयक्तिक र सामाजिक गुण र सिपहरू आवश्यक पर्छन्। पाठ्यक्रमले समेत समेट्न नसक्ने त्यस्ता कतिपय व्यवहारकुशल सिपहरू समेत खेलकुदले सहजै सिकाउन सक्छ।

धैर्यता र स्थिरता, समझदारी र सद्भावना, लचकता र विनयशीलता अनि सपना र आशावादीता आदि त्यस्तै मध्येका महत्वपूर्ण सामाजिक सिपहरू हुन जो खेलकुदबाट सहजै सिक्न/सिकाउन सकिन्छ। त्यसकारण खेलकुदको अर्थ प्रतियोगितामा भाग लिनु र पदक जित्नु मात्रै होइन, यो त जीवन कला सिक्ने क्षेत्र पनि हो भन्न सकिन्छ।

रुकुम पूर्व जिल्लामा पालिका स्तरबाट यस प्रकारको खेलकुद प्रतियोगिता आयोजना गर्न थालेको पाँच वर्ष भइसकेको छ। प्रत्येक वर्ष सञ्चालन हुने रनिङ शिल्ड प्रतियोगिताले खेलाडी विद्यार्थीमा उत्साहको सञ्चार गर्छ भने विद्यालयहरू बीचमा छुट्टै रौनकता देखिन्छ। आफ्नै क्षेत्र र परिधिभित्र खेल प्रतिभाको पहिचान भै जिल्ला, प्रदेश र केन्द्रका लागि छनौट हुनु जो कोहीका लागि गौरवको विषय हो र भावी क्षमता विकासका लागि अवसर पनि हो। आजका साना प्रतिभाहरू पालिका, जिल्ला, प्रदेश र राष्ट्रिय तहका खेलाडी बन्ने र बनाउने यो फोरम विद्यालय क्षेत्रको एक महत्वपूर्ण कडीको रुपमा रहेको छ। यसलाई सहज, स्वाभाविक, प्रभावकारी र उत्पादनशील बनाउनु भने चुनौतीपूर्ण छ।

रनिङ शिल्ड सञ्चालनका लागि थुप्रै समस्याहरू छन्। अहिले पनि यो सक्नै पर्ने कर्मकाण्डको रुपबाट माथि उठ्न सकेको छैन। अर्कोतिर, विद्यालय, पालिका र जिल्लाहरूले समेत फर्जी खेलाडी प्रयोग गर्ने समस्या सबैभन्दा ठूलो समस्याको रुपमा रहेको छ।

तत्कालीन जिल्ला शिक्षा कार्यालय हुँदा २०६५/०६६ सालतिर डोल्पा जिल्लामा रनिङ शिल्ड भयो। तर विवाद यति धेरै कि खेलकुद गर्नै हम्मेहम्मे। फर्जी विद्यार्थी परख गर्न हामी कक्षा ८ को लेजर बोकेर खेल स्थल जान्थ्यौं। गलत गर्नेहरूलाई विभागीय कारबाही पनि हुन्थ्यो। अहिले इएमआइएस प्रणालीले धेरै सजिलो भएको छ। तैपनि कतिपय विद्यालयहरूले यथावत विवरणमा छुट्टै व्यक्तिको फोटो टाँस गरी फर्जी विद्यार्थी खेलाउने गरेका गुनासाहरू आइरहन्छन्। प्रविधि बदलिए पनि प्रवृत्ति नबदलिएपछि समस्या यथावत हुँदो रहेछ। सबै त उस्तै हुँदैनन् नै तर कतिपयको हर्कत यो विषयमा अक्षम्य देखिन्छ।

कागज केरमेट गर्नु, जन्ममिति सच्याएर पेश गर्नु, झुटा र फर्जी कागजात बनाउनु र एउटाको विवरणमा अर्कैको फोटो टाँस गरी पेश गर्नु प्रचलित कानुनअनुसार दण्डनीय कार्य त हुन् नै, अर्कोतिर यस्तो कार्य वास्तविक बालबालिकाप्रतिको धोकाधडी र उनीहरूको अधिकारको हनन पनि हो। यो कुरालाई चिर्न सकिएको छैन।खेलको दौरानमा भिडबाटै निर्णय प्रभावित गर्ने, रेफ्री र आधिकारिक अफिसियलका निर्णयहरूलाई नमान्ने, उल्टै हातपात र काटमारमा उत्रिने अराजकता पनि यो क्षेत्रमा समस्याका रुपमा बढिरहेको छ।केवल आफैंले मात्रै जित्नुपर्छ भन्ने मान्यता मनोवैज्ञानिक विकार हो र यही विकार खेलकुदमा झगडा र कलहको मूल आधार बन्ने गरेको देखिन्छ।खेलकुदका नाममा हुने खर्च विद्यालयका लागि ठूलो चुनौती बनेको छ। एकातिर विद्यालयमा यसका लागि बजेटको व्यवस्था हुँदैन/छैन भने सरकारहरूले पनि न्यूनतम खर्च पूर्ति गरिदिन सकेका छैनन्। विद्यालयहरूलाई आर्थिक बोझ/ऋण थोपर्ने माध्यमका रुपमा पनि यस्ता खेलकुद प्रतियोगिताहरूलाई लिन थालिएको छ।

लैङ्गिक संवेदनशीलताको दृष्टिकोणले किशोरीहरूको सुरक्षा र उनीहरूले सहजताका साथ खेलकुदमा भाग लिनसक्ने अवस्थाको सुनिश्चितता यो क्षेत्रको अर्को समस्या हो भन्न सकिन्छ।विद्यालयहरूमा खेल पूर्वाधार छैन नै भन्दा हुन्छ। सन् २०१९ मा मैले साङ्घाईका विद्यालयहरू हेर्ने मौका पाएको थिएँ। प्रत्येक विद्यालय खेलकुद पूर्वाधारले युक्त भएको देखिन्थे। हाइटेक प्रविधि र सामग्रीले भरिपूर्ण भएका। तर हाम्रो अवस्था धेरैतिर अहिले पनि ढुङ्गेबलको छ। कहाँ चीनका ती विद्यालय, कहाँ हाम्रा यी विद्यालय! कहिलेकाहीं त सम्झँदा पनि भाउन्न हुन्छ। विद्यालयहरूलाई न्यूनतम पूर्वाधार पनि दिन नसक्ने हामी के व्यवस्थापक? के सरकार? एकातिर राज्यको कमजोर लगानी र अर्कोतिर अभिभावकको उदासीनता यो क्षेत्रका बाधक जस्तै छन्। यही अवस्थामा विद्यार्थीहरूमा खेलाडी खोज्ने कार्य एक प्रकारले दुरुहता जस्तै छ।विश्वव्यापी रुपमा हेर्दा विद्यालयमा खेलकुदको प्रयोग बढ्दो मान्यताकै रुपमा देखिन्छ। छिमेकी मुलुक भारतमा 'सबैका लागि खेलकुद'का नाममा होस् वा 'खेलो इन्डिया युथ गेम'का नाममा होस् अन्तरविद्यालय खेलकुद प्रतियोगिताहरू वर्षेनी आयोजना हुन्छन्। प्रत्येक बच्चामा 'मिल्कासिं' खोज्ने यी प्रतियोगिताहरू भारतमा प्रभावकारी रुपमा सञ्चालन हुन्छन्।

हङकङमा 'हङकङ स्कुल स्पोर्टस फेडरेसन'ले विद्यालयहरूबाट तरुण प्रतिभा खोजी गर्दछ।

अमेरिकामा स्वच्छ खेलको मूल्य मान्यता प्रवर्द्धन गर्न, नेतृत्व, समूह भावना, समय व्यवस्थापन र शारीरिक तन्दुरुस्तीमार्फत शैक्षिक उपलब्धिमा सुधार गर्न खेलकुदले भूमिका खेल्ने विश्वास गरिन्छ।

खेलकुदले व्यक्तिको दिमागमा डोपामाइन, नोरपाइनफ्रिन, सेरोटोनिन जस्ता रसायन बढाइदिन्छ जसले एकाग्रता बढाउँछ र विद्यार्थीहरूको सिकाइ उपलब्धि वृद्धि हुन्छ भन्ने अमेरिकी विश्वासमा सत्यता देखिन्छ। खेलकुदले खेलाडीहरूमा सामूहिक भावना, साथीत्व र नेतृत्वका साथै आत्मविश्वास र आत्म सम्मान जगाउँछ। खेलकुदका माध्यमबाट विद्यार्थीहरूले सहकार्य, सहयोग, सञ्चार र समस्या समाधानका सिप सहजै सिक्न सक्छन्। स्वस्थ आनीबानीको विकास एवम् तनाव र द्वन्द्व निवारण/व्यवस्थापनका लागि पनि खेलकुदले महत्तम सहयोग गर्दछ।

नेल्सन मण्डेलाले खेलकुदमा संसार बदल्ने शक्ति हुन्छ भनेका थिए। त्यसैगरी महात्मा गान्धीले खेलकुदलाई सामाजिक र राजनीतिक परिवर्तनका लागि महत्वपूर्ण साधनको रुपमा लिएका थिए। वास्तवमा खेलकुद क्षेत्र आफैंमा एक अर्थ राजनीतिको क्षेत्र पनि हो। संयुक्त राष्ट्र संघले यसलाई सामाजिक सशक्तिकरणको एउटा माध्यमको रुपमा लिदै गरिबी निवारणमा समेत यसको महत्वपूर्ण भूमिका हुने जनाएको छ। युनेस्कोले त झन् यसको महत्वलाई ध्यान दिंदै राष्ट्रिय शिक्षा प्रणालीहरूले अनिवार्य रुपमा खेलकुदलाई समेट्नु पर्ने सिफारिस गरेको पाइन्छ।

संसारका प्रायः सबै देशहरूमा खेलकुदले विद्यार्थीहरूमा फाइदा गर्छ भन्ने विश्वास नै बेसी देखिन्छ र त्यसै अनुरुप खेलकुदलाई उपयोग गरिन्छ। तथापि विद्यालय केन्द्रित खेलकुदका सुधारात्मक पक्षहरू पनि छन्।

विद्यालय वा स्थानीय स्तरमा पर्याप्त पूर्वाधारको अभावमा जथाभावी खेल्नु पर्दा विद्यार्थीहरू घाइने हुने वा उनीहरूलाई चोटपटक लाग्ने सम्भावना भइरहन्छ। पर्याप्त वार्मिङ अप र तयारी बिना खेल्नु पर्दा विद्यार्थीहरूमा गम्भीर इन्जुरीको समस्या देखिन सक्छ। बारम्बार हुने यस्ता घटनाले विद्यार्थीहरूमा 'माइक्रोट्रम्याटिक ड्यामेज' हुन सक्छ।

खेलकुद एकातिर आफैंमा महङ्गो छ भने अर्कोतिर यसले विद्यार्थीको महत्वपूर्ण समय व्यतीत गरिदिन्छ। यसले विद्यार्थीहरूमा संवेगात्मक र मानसिक प्रेसर पनि सृजना गर्न सक्छ। वावु,आमा, शिक्षक र अभिभावकहरूले पर्याप्त सपोर्ट नगर्दा विद्यार्थीहरूमा नैराश्यता बढ्न सक्छ।

अमेरिका जस्ता विकसित देशहरूमा विद्यार्थीहरूले विभिन्न समूहबाट बारम्वार खेलकुदमा भाग लिइरहनु पर्दो रहेछ। कतिपय विद्यार्थीहरूले यसलाई आवश्यकताभन्दा बढी लोडको रुपमा लिने र विद्यार्थीहरूमा हुने माइक्रोट्रम्याटिक ड्यामेजले पछिसम्म असर गर्न सक्ने सम्भावना हुँदो रहेछ। र, कतिपयले यसलाई जीवनको महत्वपूर्ण समय खेर जाने माध्यमको रुपमा पनि लिँदा रहेछन्।

तथापि खेलकुदको महत्व यसको कमजोरीभन्दा धेरै गुणा बढी नै होला। कतिपय कमजोरीहरूलाई व्यवस्थापन पनि गर्न सकिन्छ। नेपाल जस्ता विकासशील देशहरूमा यसको महत्व अवश्य पनि बढी छ। तर यसको उपयोग र व्यवस्थापन भने प्रभावकारी रुपमा गर्नै पर्दछ।

खेलकुदको महत्वलाई ध्यान दिएरै राष्ट्रिय खेलकुद परिषदले 'स्वास्थ्यको लागि खेलकुद, राष्ट्रको लागि खेलकुद' भन्ने नारा तय गरेको छ। विद्यालयको पाठ्यक्रममा खेलकुद विषयलाई समेटिएको छ। संविधानले समेत खेलकुदको विकासका लागि आवश्यक नीतिगत व्यवस्था गरेको देखिन्छ।

खेलकुदले व्यक्तिलाई स्वस्थ बनाउने मात्रै होइन, यो देश चिनाउने माध्यमको रुपमा समेत रहेको हुन्छ। यसलाई विश्वव्यापी रुपमा मर्यादा र गौरवको विशिष्ट क्षेत्रको रुपमा पनि लिइन्छ।नेपालमा विद्यालय तहमा सञ्चालन हुने रनिङ शिल्ड प्रतियोगिताहरू खेलाडी जन्माउने आधारहरू हुन। त्यसकारण यी शिल्डहरू व्यवस्थित र प्रभावकारी हुन जरुरी छ। यसका लागि राष्ट्रपति रनिङ शिल्ड सञ्चालन निर्देशिकाको कडाईका साथ कार्यान्वयन गरिनु पर्छ भने यस क्षेत्रको बजेट पनि बढाउनु पर्ने देखिन्छ। यसका साथै, फर्जी कागजात र नक्कली खेलाडी प्रयोगलाई शून्य सहनशीलतामार्फत निस्तेज पारिनु अपरिहार्य छ।

यी प्रतियोगिताहरूलाई सक्नै पर्ने वा गर्नै पर्ने बोझका रुपमा होइन, जीवन सिप सिकाउने अवसरका रुपमा र निगाह र बक्सिसको पट्के कार्यक्रमको रुपमा होइन, विद्यालय शिक्षाको एक महत्वपूर्ण कडीको रुपमा व्यापक र वृहत स्वरुपमा सञ्चालन गरिनु पर्छ। नीति, योजना, कार्यक्रम, बजेट र जनशक्तिको संरचनाबाट यीनको कार्यान्वयनलाई सुनिश्चित गर्नु आजको प्रमुख आवश्यकता पनि हो।

विगतका कार्यक्रमहरूबाट पाठ सिक्दै गल्ती र कमजोरीहरूमा सुधार गरिनु पर्छ। न्यूनतम खर्च व्यवस्थापन, खेल क्यालेण्डरको उपयोग, सरोकारवाला सबैसँगको समन्वय, नक्कली खेलाडीप्रति शून्य सहनशीलता, खेलकुदमा विविधता र सङ्ख्यामा वृद्धि, खेलाडीहरूको मेन्टोरिङ, कोचिङ र ग्रुमिङ, दण्ड र पुरस्कारको समुचित प्रयोग, सही मौसमको छनौट, किशोरीहरूको सुरक्षा जस्ता कार्यहरूवाट यी खेलकुद प्रतियोगिताहरूलाई प्रभावकारी र उत्पादनशील बनाउन सकिन्छ।

जहिले सुकै होस् वा जहाँसुकै होस्, खेलकुदले हार्दिकता बढाउनु पर्छ। हार्दिकता, सदीक्षा र सहकार्यबाट मात्रै यो क्षेत्रका जटिलताहरूलाई हटाउन सकिन्छ। यसका लागि हामी सबैको इमान्दार प्रयास भने अपरिहार्य देखिन्छ।

लोकसेवा आयोग, शिक्षक सेवा आयोग, हाजिरी जवाफ प्रतियोगिताका लागि उपयोगी

**१. विश्वको तेस्रो ठुलो अर्थतन्त्र भएको राष्ट्र कुन हो ?**

≅ जर्मनी (सन् २०२४ फेब्रुअरी) अन्तर्राष्ट्रिय मुद्राकोष (आइएमएफ) ले प्रकाशित गरेको पछिल्लो तथ्याङ्क अनुसार विश्वको तेस्रो ठुलो अर्थतन्त्र भएको राष्ट्र यसअघि जापान थियो। जापानको जिडिपी अहिले ४२ खर्ब डलर रहेको छ भने जर्मनीको जिडिपी ४५ खर्ब डलर पुगेको छ।

**२. नेपाल र स्विट्जरल्यान्डबिच द्विपक्षीय हवाई सम्झौता कहिले भएको हो ?**

≅ विसं २०८० माघ २३ (यससँगै नेपालसँग द्विपक्षीय हवाई सेवा सम्झौता भएका देशको सङ्ख्या ४२ पुगेको छ। सम्झौतासँगै नेपाल र स्विट्जरल्यान्डबिच सिधा उडान गर्न बाटो खुला भएको छ। नेपालले ४२ देशसँग द्विपक्षीय हवाई सम्झौता गरे पनि १५ देशमा मात्र उडान भर्दै आएको छ।

**३. त्रिमूर्ति निकेतनले देवकोटा काव्य पुरस्कार-२०८० कसलाई प्रदान गऱ्यो ?**

≅ जयप्रसाद पाण्डे

**४. हाल रेडियो नेपालबाट कति भाषामा समाचार प्रसारण हुने गरेको छ ?**

≅ २२

**५. भरतपुर महानगर र माडी नगरबिच भगिनी सम्बन्ध कहिले कायम भएको हो ?**

≅ विसं २०८० माघ २५

**८. हाल (सन् २०२४ फेबुरअरी) संयुक्त राष्ट्रसङ्घीय शान्ति स्थापना मिसनमा धेरै सुरक्षाकर्मी पठाउने सूचीमा पहिलो स्थानमा रहन सफल राष्ट्र कुन हो ?**

≅ नेपाल (राष्ट्रसङ्घीय तथ्याङ्क अनुसार नेपाली सुरक्षाकर्मीको सङ्ख्या छ हजार २४७ रहेको छ। यो विभिन्न मिसनमा हाल परिचालित सैनिक, प्रहरी र सशस्त्र प्रहरीको सङ्ख्या हो। धेरै सुरक्षाकर्मी पठाउने सूचीमा बङ्गलादेश (छ हजार १९७) दोस्रो र भारत (छ हजार ७३) तेस्रो स्थानमा रहेका छन्। त्यस्तै रुवान्डा चौथो र पाकिस्तान पाँचौं स्थानमा रहेका छन्।)

**७. अरनिको अन्तर्राष्ट्रिय पुरस्कार-२०७९ प्राप्त गर्ने स्रष्टा को हुनुहुन्छ ?**

≅ विजय हितान (लाहुरे दाइको रेलिमाई उपन्यासका लागि)

**८. नेपाली वनस्पतिका पिता भनी कसलाई चिनिन्छ ?**

≅ बुखानन ह्यामिल्टन

**९. अन्तर्राष्ट्रिय उपकुलपति सम्मेलन कहिले र कहाँ सम्पन्न भयो ?**

≅ विसं २०८० फागुन ३-५, धुलिखेल

**१०. दक्षिण अमेरिकाको सर्वोच्च शिखर एकान्कागुवाको सफल आरोहण गर्ने नेपालका पहिलो निजामती कर्मचारी को हुन् ?**

≅ बमबहादुर विक (सन् २०२४ फेब्रुअरी १३) रुकुम पश्चिम स्थायी घर भएका विक काभ्रेको खानीखोला गाउँपालिकामा लेखापालको जिम्मेवारीमा रहनुभएको छ। एकान्कागुवा हिमालको उचाइ छ हजार ९६२ मिटर रहेको छ। उहाँले यसअघि अफ्रिकाको अग्लो चुचुरो किलिमञ्जरोको समेत सफल आरोहण गर्नुभएको थियो।

*संकलनः टङ्क केसी, गोरखापत्रबाट*

# बंगुरमा देखिने अफ्रिकन स्वाइन फिभर



**नारायण ओली**

**परिचयः** अप्रिकन स्वाइन फिभर नेपालमा सन् २०२२ जेठ १६ गते पहिलो पटक देखिएको थियो। त्यसपछि दुई वर्षभित्र देशका २८ जिल्लाका विभिन्न संक्रमण फैलिएको थियो। पशु सेवा विभागका अनुसार यसको कारण ७० हजार बँदेल र सुँगुरको मृत्यु भएको छ। यो एक गम्भीर प्रकारको घातक, भाइरल रोग हो जुन सुँगुरपालन व्यवसायको लागी एक महत्वपूर्ण खतरा हो।

**कारक तत्वः** अफ्रिकी स्वाइन फिभर भाइरस (ASFV), Asfarviridae परिवारसँग सम्बन्धित एक ठूलो, डबल-स्ट्र्यान्डेड DNA भाइरस।

**सर्ने माध्यमः प्रत्यक्ष सम्पर्कः** संक्रमित सुँगुर वंगुरको शारीरिक तरल पदार्थ (रगत, र्‍याला, सिगान, मल, पिसाब) सँग सम्पर्कमा हुदा।

**अप्रत्यक्ष सम्पर्कः** दूषित दाना (विशेष गरी फोहोर खुवाउने, जथाभावी बंगुरको मासु काटेर बिक्री गर्ने) दुषित (दूषित कपडा, उपकरण, सवारी साधन, आदि) प्राविधिकहरु, किराहरु र हावाको माध्यमबाट पनि सर्न सक्छ।

**लक्षणहरूः** विशेष गरी भाइरसको स्ट्रेन र बंगुरको रोगसँग लड्ने क्षमताका आधारमा विभिन्न प्रकारका हुने गर्दछन्।

**अति तिक्ष्ण प्रकारको प्रकोपमा**

- उच्च ज्वरो (४२°C वा 107.6°F सम्म) आउने
- भोक नलाग्ने वा अरुचि हुने
- जिरिङ्ग र सुस्ती देखिने
- रौं नभएको स्थानमा रातो वा निलो धब्बा, विशेष गरी कान, पेट, थुन र खुट्टामा आउने।
- उल्टी र पखाला गर्ने।
- खोकी लाग्नु, सास फेर्न गाह्रो हुनु।

- गर्भवती बंगुरमा गर्भपात हुने।
- केहि दिनदेखि एक हप्ताभित्र मृत्यु हुने।
- यसमा मृत्युदर 100% हुन पनि सक्छ।

**तिक्ष्ण प्रकारको संक्रमणः**

- अलि कम गम्भीर लक्षणहरू देखिन्छन्।
- जोर्नी र घुडाहरु सुनिन्छ।
- श्वासप्रस्वासमा कठिन समस्याहरू देखिने।
- तौल घट्ने वा वृद्धि विकास रोकिने।

**जीर्ण प्रकारको संक्रमणः**

- कहिलेकाही सञ्चो हुदै ज्वरो आउदै गर्ने वा बीच-बीचमा ज्वरो आउने गर्छ।
- छालामा घाउहरू हुने।
- श्वासप्रश्वास समस्या हुने।
- दानापनी कम खाने।
- प्रजनन समस्याहरू देखा पर्ने।
- हप्ता वा केही महिनापछि मृत्यु हुन पनि सक्छ।

**रोग निदानः** क्लासिकल स्वाइन फिभरजस्ता अन्य स्वाइन रोगहरूसँग समानताको कारण ASF निदान महत्त्वपूर्ण छ।

**रोगको लक्षणका आधारमाः** विशिष्ट ASF लक्षणहरूको अवलोकन गरेर निदान गर्न सकिन्छ।

**प्रयोगशाला परीक्षणः** PCR, Virus isolation, Antigen detection गरेर पनि रोग पत्ता लगाउन।

**उपचारः** यो भाइरसबाट लाग्ने रोग भएका कारणले गर्दा यसको कुनै उपचार छैन तर पनि हामीले लक्षणका आधारमा उपचार गर्दै जानुपर्छ। सेकेन्डरी संक्रमणका लागि एन्टिबायोटिक प्रयोग गर्ने। सुन्निएको स्थानमा कम गर्नमा लागि डेक्सोना, ज्वरो कम गर्नका लागि मेलोक्सिकेम र रोगसंग लड्ने क्षमताको विकास गर्नका लागि भिटामिन तथा राम्रो फिड सप्लिमेन्टको प्रयोग गर्न सकिन्छ। यदि कुनै फार्मा वंगुर विरामी भएको भए प्राविधिक वोलाएर उपचार गर्ने र परामर्श लिने काम तुरुन्तै गर्नुपर्छ।

**रोकथामः** रोकथाम ASF नियन्त्रणको आधारशिला खोप हो। उपलब्ध भएसम्म खोप लगाउने तर नेपालमा यसको खोप उपलब्ध छैन।

**जैविक सुरक्षाः**

- सुँगुर फार्महरूमा जैविक सुरक्षाका उपायहरु कडाइका साथ पालना गर्ने र गराउने।
- फार्ममा आगन्तुकहरूलाई पहुँचमा नियन्त्रण गर्ने।
- फार्ममा पूर्ण सफाइ र कीटाणुरहित अभ्यासहरू लागू गर्ने।
- भर्खरै ल्याएका सुँगुरहरूलाई क्वारेन्टाइनमा अलग्गै गराउने।

**दानाको सुरक्षाः**

- दाना सुरक्षित स्रोतबाट आएको सुनिश्चित गर्ने।
- संक्रमित सुँगुरको मासुसँग नुछुएको फोहोरलाई खान नदिने।
- मरेको बङ्गुरलाई गहिरो खाडल खनेर गाड्ने।
- फार्मलाई निसंक्रमण गर्नका लागि फिनेल, कृषि चुन वा भिर्कोणजस्ता सामग्रीहरुको प्रयोग गर्ने।

**किरा नियन्त्रणः**

- किरा नियन्त्रण कार्यक्रमहरू प्रयोग गर्ने, विशेष गरी स्थानीय क्षेत्रमा हुने झिंगाहरुले रोग सार्ने काम गर्छ। **निगरानी राख्ने :**
- रोग देखा परेको खण्डमा पशुलाई छुट्टै राखेर सम्बन्धित निकायमा खबर गर्ने।

**आयात प्रतिबन्धहरूः**

- प्रभावित क्षेत्रहरूबाट सुँगुरका बच्चा, दाना, र सुँगुरको मासुको आयातमा कडाइका साथ नियमन गर्ने।

# भूमे गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

खाबाङबगर, रुकुम (पूर्व)
लुम्बिनी प्रदेश, नेपाल

आर्थिक वर्ष : ०८०/०८१
सूचना नं.: २६

**अन्तराष्ट्रिय महिला दिवस मनाउने सम्बन्धी सूचना !**
**(सूचना प्रकाशन मिति : २०८०/११/२० गते)**

प्रस्तुत विषयमा यही मिति २०८० फागुन २५ गते शुक्रबार (तदनुसार ८ मार्च २०२४) का दिन ११४ औं अन्तराष्ट्रिय महिला दिवस **"Invest in women: Accelerate progress"** भन्ने अन्तराष्ट्रिय नारा तथा **"महिलामा लगानी: सभ्य र समुन्नत समाजको थालनी"** भन्ने राष्ट्रिय नारासहित देशव्यपी रुपमा अभियानको रुपमा भव्यताका साथ दिवस मनाउने कार्यक्रम रहेकोले सोही अवसरमा भूमे गाउँपालिका र विभिन्न साझेदार संघ/ संस्थाहरुसँगको संयुक्त आयोजनामा तपसिल बमोजिमको दिवस विशेष कार्यक्रम/ क्रियाकलापहरु सञ्चालन गरी मनाइने दिवसलाई सफल बनाउन यस गाउँपालिकाभित्र रहेका ९ वटै वडाका आमा समूह, महिला उद्यमी समूह, महिला सहकारी, क्लब,टोल विकास संस्था तथा महिलाको क्षेत्रमा कार्य गर्ने सबै संघ/ संस्था एवं सम्पूर्ण महिला दिदीबहिनीहरुलाई सक्रिय सहभागिताका लागि यसै सूचना मार्फत जानकारी गराइन्छ।

**तपसिल :**

१. दिवस विशेष कार्यक्रमहरु :

| क्र.सं. | क्रियाकलाप/ कार्यक्रमहरु | पुरस्कार | कैफियत |
|---|---|---|---|
| १. | सामुहिक लोकगीत प्रतियोगिता | प्रथम पुरस्कार रु. ८,०००। सहित प्रमाण पत्र<br>द्वितीय पुरस्कार रु. ६,०००। सहित प्रमाण पत्र<br>तृतीय पुरस्कार रु. ४,०००। सहित प्रमाण पत्र<br>सान्तवना पुरस्कार रु.३,०००। सहित प्रमाण पत्र | |
| २. | वकतृत्वकला प्रतियोगिता<br>(शीर्षक: "महिलामा लगानी: सभ्य र समुन्नत समाजको थालनी" रहेको छ।) | प्रथम पुरस्कार रु. ४,०००। सहित प्रमाण पत्र<br>द्वितीय पुरस्कार रु. ३,०००। सहित प्रमाण पत्र<br>तृतीय पुरस्कार रु. २,०००। सहित प्रमाण पत्र<br>सान्तवना पुरस्कार रु. १,०००। सहित प्रमाण पत्र | |
| ३. | महिला रसी तान्ने प्रतियोगिता | प्रथम पुरस्कार रु.१५,०००।बराबरको खसी हुनेछ। | |

२. **प्रतियोगिताका नियम तथा अन्य जानकारीहरु:**

क) प्रतियोगितामा भाग लिने व्यक्ति तथा समूहले मिति २०८० फागुन २४ गतेभित्र आफ्नो नामदर्ता गर्नुपर्ने छ ।
ख) सामुहिक लोकगीत प्रतियोगिता महिला सशक्तीकरणसँग सम्बन्धित रहेर आफ्नो प्रस्तुति राखुपर्नेछ ।
ग) महिला रसी तान्ने प्रतियोगितामा एक समूहमा ७ जनाको सहभागी हुनुपर्नेछ ।
घ) प्रतियोगिता सम्बन्धि अन्य नियमहरु आयोजकले तोकेबमोजिम हुनेछ ।

३. **कार्यक्रम सञ्चालन हुने मिति, समय र स्थान :**

मिति : २०८० फागुन २५ गते
समय : बिहान १० : ०० बजे
स्थान : भूमे गाउँ कार्यपालिकाको कार्यालय, खाबाङबगर, रुकुम (पूर्व) ।
थप जानकारीको लागि सम्पर्क : ९८६६९४९०८६, ९७६२५२७२००

देवीलाल वि.क.
प्रमुख प्रशासकीय अधिकृत

भूमे गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

खाबाङबगर, रुकुम (पूर्व)

## जनहितमा जारी सन्देश

- जन्म, मृत्यु, विवाह, बसाइसराइँ, सम्बन्ध विच्छेद जस्ता व्यक्तिगत घटनाहरु सम्बन्धित वडा कार्यालयमा गइ ३५ दिनभित्रै दर्ता गराऔं ।
- आफूले तिर्नु/बुझाउनु पर्ने घर जग्गा कर, मालपोत कर, व्यवसाय कर लगायतका कर तथा शुल्कहरु समयमै बुझाउने बानी बसालौं ।
- सार्वजनिक स्थलहरुमा जथाभावी फोहोर नफालौं, आफ्नो घर आँगन सफा राखौं र फोहरको उचित व्यवस्थापन गरौं ।
- आफ्नो वरपर सञ्चालनमा रहेका विकास निर्माण कार्यहरुमा सहभागी हुँदै रेखदेख गरौं ।
- आफ्ना नानी -बाबुहरुको शिक्षा, स्वास्थ्यमा ध्यान पुऱ्याऔं ।
- विद्यालय जाने उमेर समूहका बालबालिकाहरुलाई विद्यालय पठाऔं, आफ्नो समुदाय र विद्यालयहरुलाई बालमैत्री बनाऔं ।
- गाउँघरमा रहेका पुराना पोखरीहरुको संरक्षण गर्दै थप नयाँ पुनर्भरण पोखरीको निर्माण गरी पानीका मुहानहरुको संरक्षण गरौं ।
- बालविवाह सामाजिक अपराध भएकाले २० वर्षपछि मात्र विवाह गरौं र गराऔं ।
- सार्वजनिक सम्पत्ति, ऐतिहासिक, पुरातात्विक सम्पदाहरुको संरक्षण गरौं ।
- वनमा आगलागी हुन नदिन सावधानी अपनाऔं ।
- अपाङ्गता भएका व्यक्तिहरु, असहायहरु, जेष्ठ नागरिकहरु र बालबालिकाहरुलाई आवश्यक सहयोग गर्ने बानी बसालौं ।
- व्यवसाय सञ्चालन गर्दा गाउँपालिका वा सम्बन्धित निकायमा अनिवार्य दर्ता गराइ सञ्चालन गर्ने गरौं ।
- प्राविधिक सल्लाह बमोजिम उन्नत बीउबिजनको प्रयोग गरी कृषिजन्य वस्तुको उत्पादन तथा उत्पादकत्व वृद्धि गरौं ।
- घरेलु हिंसा, लैङ्गिक हिंसा, जातीय भेदभाव लगायतका सबै प्रकारका भेदभाव र हिंसाको अन्त्य गरौं ।
- प्लास्टिक जथाभावी नफालौं, प्लास्टिकको न्यून प्रयोग गरौं, प्लास्टिकमुक्त गाउँ बनाउने अभियानमा सबैले सहयोग गरौं ।